# धरान उप–महानगरपालिकाल कार्यालय
# धरान, सुनसरी

## आ.व. २०७३/०७४ को राजस्व तथा कर प्रशासन सम्बन्धी विशेष नीति तथा कार्यक्रमहरु

- नगरपालिकाको श्रोतको अत्युत्तम (Optimum) उपयोग गर्ने ठोस नीति अबलम्बन गरिने छ।
- आन्तरिक आयको दीगो विकास र बृद्धिको लागि कर प्रशासनलाई चुस्त, दुरुस्त र व्यवस्थित बनाइने छ ।
- कर असुलीमा उद्योग वाणिज्य संघ र सरोकारवाला अन्य संस्थाहरुसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिँदै विशेष कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।
- करदातालाई कर सूचना प्रवाह गर्ने र कर बुझाउनु पर्ने धारणालाई आन्तरिकीकरण गर्न नगरका विभिन्न स्थानहरुमा होर्डिङ वोर्ड, पर्चा, पम्प्लेट र संचारको माध्यमबाट सूसुचित गरिने छ ।
- कर शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- सरसफाई सेवा शुल्कमा परिमार्जन गरि सुधार सहित लागू गरिने छ ।
- सरसफाईको क्षेत्रमा भएको खर्च व्यवस्थापनमा थप टेवा पुर्याउन व्यवसायमा सुनसरी उद्योग वाणिज्य संघ तथा सरोकार पक्षहरुसँग छलफल गरी सरसफाई सेवा शुल्क लागु गरिनेछ ।
- नेपाल बिद्युत प्राधिकरणबाट लागु गरिएको सडक बत्तिको महशुललाई नियमित गर्न हरेक घर भएका करदाताहरुबाट सडक बत्ति विद्युत महशुल सेवा शुल्कको व्यवस्था गरी लागु गरिने छ ।
- एकीकृत सम्पत्ति करलाई आ.व. २०६९|०७० मा पुनरावलोन गरी लागु गरीएकोमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को सातौं संशोधन भई मिति २०७२|७|९ देखि लागु भएको र संशोधित नियमावली बमोजिम एकीकृत सम्पत्ति कर पुनरावलोकनको अवधि ५ वर्षको सट्टा ३ वर्ष कायम भएको हुंदा आगामि आर्थिक वर्ष २०७३|०७४ मा एकीकृत सम्पत्ति कर पुनरावलोकन गरी लागु गरिनेछ ।
- एकीकृत सम्पत्ति कर पुनरावलोकन गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन पास प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम् मूल्यांकन दरलाई आधार मानी सरकारी मूल्यांकनमा एक रुपता कायम गर्ने प्रयास गरिने छ ।
- वी पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान गेट अगाडि निर्माण भएका सेडहरुमा बस्ने व्यवसायीहरुसंग सम्झौता गरी बहाल विटौरी कर असुलीलाई व्यवस्थित बनाईनेछ ।
- व्यवसाय करको प्रभावकारी व्यवस्थापन गर्ने कार्यमा सुनसरी उद्योग वाणिज्य संघसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।
- अन्य करहरु जस्तै व्यवसाय कर, सवारी कर, मनोरन्जन कर, बहाल कर, सम्बन्धि आ.व. २०७२|०७३ को नीतिलाई निरन्तरता दिँदै प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।
- विज्ञापन कर असुलीलाई प्रभावकारी वनाउन तथा आन्तरीक आय संकलनलाई कम खर्चिलो र दिगो बनाउन ३ वर्षे ठेक्का प्रकृयाबाट निजी क्षेत्र मार्फत कर असुलीको व्यवस्था गरिनेछ ।
- सवारी कर सम्बन्धमा आ.व. २०७२|०७३ को नीतिलाई निरन्तरता दिँदै प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।
- बहाल कर सम्बन्धमा आ.व. २०७२|०७३ को नीतिलाई निरन्तरता दिँदै प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।
- राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदनको र नगरस्तरीय राजस्व परामर्श समितिको सिफारिशको आधारमा आयको अनुमान, प्रक्षेपण र करशुल्कको दररेट निर्धारण गरी कर संकलनलाई विशेष जोड दिइनेछ ।
- नगरक्षेत्रमा राखिएका विद्युत पोल, ट्रान्सफरमर, टेलीफोन पोल र क्याविनेटबाट सेवा शुल्क लिने व्यववस्थालाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्बन गरी श्रोत पहिचान एवं परिचालन गरिनेछ ।
- करको दायरालाई अझ फराकिलो पारी नगरपालिको श्रोत बृद्धि गर्न विशेष कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

# धरान उप–महानगरपालिकाल कार्यालय

## राजस्व परिचालन सम्बन्धी विनियमावली, २०६७

## (संशोधन २०७२)

धरान उप–महानगरपालिकाको मिति २०७२।९।२३ मा बसेको २१ औं नगरपरिषद बैठकले आ.व. २०७३।०७४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अबलम्बन गरिएको उप–महानगरपालिकाको आय सम्बन्धी नीति अनुरुप स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५(२) ले दिएको अधिकार प्रयोग गरी नगर स्तरीय राजस्व परामर्श समिति र धरान उपमहानगरमा रहेको स्थानीय राजनीतिक दलहरुले गरेको निर्णय र सिफारीश समेतको आधारमा धरान उप–महानगरपालिकाको कर, शुल्क, सेवाशुल्क, दस्तुर र अन्य आय सम्बन्धी कार्य संचालनका लागि देहाय बमोजिमको विनियम बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो विनियमको नाम "**राजस्व स्रोत परिचालन सम्बन्धी विनियमावली, २०६७**" रहकोछ ।
(२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा–

(क) **"ऐन "** भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्छ ।
(ख) **"नियम "** भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (दोश्रो संशोधन सहित) लाई सम्झनु पर्छ ।
(ग) **"आर्थिक नियम "** भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्छ ।
(घ) **"उप–महानगरपालिका "** भन्नाले धरान उप–महानगरपालिकालाई संभनु पर्छ ।
(ङ) **"समिति "** भन्नाले राजस्व स्रोत अनुसन्धान तथा परिचालन समितिलाई सम्झनु पर्छ ।
(च) **"शाखा प्रमुख "** भन्नाले उप–महानगरपालिका कार्यालयको आम्दानी सम्बन्धि कार्य गर्ने शाखा वा उपशाखाको प्रमुख भै काम गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।
(छ) **"कर चुक्ता "** भन्नाले चालु आ.व. को लाग्ने कर पनि बुझाई सकेको भन्ने सम्झनु पर्दछ ।
(ज) **"साझेदार"** भन्नाले संयुक्त नाममा दर्ता रहेको जग्गा, घर, उद्योग, पेशा, व्यवसाय, सवारी साधन वा उप–महानगरपालिकाको कर लाग्ने सम्पत्ति वा कारोवारका धनीलाई सामुहिक रुपमा बुझाउनेछ । कर बुझाउने दायित्व सबै साझेदारको हुनेछ अर्थात जुन साझेदारले बुझाए पनि एक मुष्ठ सबै कर बुझाउनु पर्नेछ र साझेदार भएकै कारणले नगरपालिकाले दामासाहीले कर असुल गर्ने छैन ।

३. **आर्थिक प्रशासन शाखाको उद्देश्यहरु देहाय बमोजिम हुनेछ :–**

(क) उप–महानगरपालिका क्षेत्रको विकासकालागि (भौतिक, सामाजिक, आर्थिक आदि) र शहरी सेवा प्रदान गर्न आर्थिक श्रोत जुटाउने ।
(ख) उप–महानगरपालिकाकालागि नियमानुसार आयरव्यय सम्वन्धि कार्य गर्ने र त्यसको हिसाव किताव राख्ने ।
ग) नीति निर्णय गर्ने पदाधिकारी तथा निकायमा आर्थिक वा वित्तिय सूचना र जानकारीहरु प्रवाह गर्ने ।
(घ) खर्चमा मितव्ययीता साथै उत्पादकत्व वढाउने र दक्षता बृद्धि गरी अत्यधिक आम्दानी गर्ने ।

४. **आर्थिक प्रशासन शाखाले संपादन गर्नु पर्ने मुख्य मुख्य कार्यहरु देहाय बमोजिम हुनेछ:**

(क) नगरपालिकाले प्रचलित ऐन नियमानुसार उठाउन पाउने शुल्क, कर, दस्तुर आदि जस्ता आर्थिक श्रोतहरु अनुसार आय संकलन गर्ने ।
(ख) जुटेको रकमलाई वजेट स्वीकृती अनुसार व्यय वा विनियोजन गर्ने ।
(ग) कर,शुल्क आदि संकलन गर्ने प्रविधि र तरिका तोक्न सहयोग गर्ने र निर्णयानुसार कार्यान्वयन गर्ने ।
(घ) आय र व्ययको हिसाव किताव दुरुस्त राख्ने ।
(ङ) आ.ले.प., म.ले.प आदि गराई अनावश्यक खर्चमा नियन्त्रण गर्ने ।
(च) बार्षिक वजेट अनुमान तयार गर्ने वा वजेट तयारी कार्यमा सहयोग गर्ने ।
(छ) उप–महानगरपालिकाको विभिन्न शाखामा आवश्यक सामग्रीहरु उपलव्ध गराउने र भएका विभिन्न सामानहरुको संरक्षण गर्ने ।

५. **विभिन्न कर तथा शुल्क सम्बन्धी व्यवस्था :**

आ.व. २०७२।०७३ को लागि नगरपालिकाले तय गरेको आय सम्बन्धी नीति समेतको आधारमा निम्नानुसारको कर तथा शुल्क असुली सम्बन्धी व्यवस्था गरिएकोछ ।

६. **एकिकृत सम्पत्ति कर सम्बन्धी कार्य विधि :–**

- एकीकृत सम्पत्ति कर पुनरावलोकन गरि आगामी परिषदबाट पारित हुने गरी न.पा.वैठकबाट पारित गरि लागु गरिए बमोजिम हुनेछ ।

७. **बहाल कर :** वहालकर विनियमावली २०७० बमोजिम हुने गरि बहाल कर बहाल रकमको २% ले हुने रकम बहाल करको रुपमा लागु गरिएको छ ।

क) बहालकर प्रत्येक वर्ष बुझाउनु पर्नेछ अन्यथा यस विनियमको दफा १९ बमोजिम उप–महानगरपालिकाले असुल गर्नेछ ।

ख) बहालकर चुक्ता नगरी न.पा.ले उपलब्ध गराउने आकस्मिक सेवा वाहेकका कुनै सेवा, सुविधा उपलब्ध गराउन बाध्य हुनेछैन ।

८. **पटके व्यवसाय (गुद्री, हाट वजार) कर** :ऐनको दफा १३७ को उपदफा (२) बमोजीम आय अनुसूचि २ मा तोकिए बमोजीम पटके व्यवसाय (गुद्री बजार, हाट बजार) कर लाग्नेछ ।

९. **व्यवसाय कर:**

(१) ऐनको दफा १३८ को उपदफा (१) अनुसार उप–महानगरपालिका क्षेत्र भित्र संचालन भएका सम्पूर्ण उद्योग, व्यापार, व्यवसाय आदिले अनिवार्य रुपमा उप–महानगरपालिकामा दर्ता गरी व्यवसायीक दर्ता प्रमाण पत्र अनिवार्य रुपमा लिनु पर्नेछ ।

(२) नगर क्षेत्रमा सञ्चालनमा रहेका पेशा, व्यापार, उद्योग,बैंक तथा वित्तिय संस्था, निजि विद्यालय तथा मुनाफाको उद्देश्यले सञ्चालन गरेको सम्पुर्ण कारोवारमा अनुसूचि ३ मा तोकिए वमोजिमका दरले करक्षेत्र अनुसार व्यवसायकर लाग्नेछ । कर क्षेत्र न.पा.ले तोके बमोजिम हुनेछ । पिच भई सकेका सडकलाई कर क्षेत्र ग मा उल्लेख भएमा त्यस्ता क्षेत्रलाई कर क्षेत्र ख मा अद्यावधिक गरिनेछ ।

(३) हरेक आर्थिक वर्षमा तोकीएको कर तथा शुल्क उप–महानगरपालिकामा आई बुझाउनु पर्नेछ ।

(४) व्यवसायको लगत कट्टा गर्दा चालु आ.व. सम्मको कर बुझाएको हुनु पर्नेछ । सम्पूर्ण बक्यौता चुक्ता गरेरमात्र व्यवसायको लगत कट्टा गरिनेछ।

(५) सार्वजनिक निजी साझेदारी कार्यक्रममा आधारीत भई उप–महानगरपालिकाले व्यवसाय कर संकलन गर्न सक्ने छ । यसको लागि उद्योग बाणिज्य संघ सुनसरीसंग विगतको वर्षहरुमा भएका सम्झौता र सहमतीलाई आधारमानी दुई पक्षिय सहमतिमा सम्झौता नविकरण गरी आवश्यक कार्यहरु गरिनेछ ।

(६) उप–महानगरपालिकामा उद्योग, व्यापार, व्यवसाय आदि दर्ता गराउन उप–महानगरपालिकाबाट तोकिएको दरखास्त फाराममा उल्लेख गरिएको व्यहोरा बमोजीम भरी वडा समितिको सिफारीस सहित ल्याउनु पर्नेछ ।

(७) यदि पुरानो बक्यौता भएमा आ.व.२०४८।४९ (तेश्रो नगरपरिषदद्वारा पारित) सम्मको मिनाहा गरी बांकी सबै बुझाउनु पर्नेछ ।

(८) पुरानो (फोटो नटांसी) प्रमाण पत्र लिनेहरुले पनि नविकरण गरांउदा फोटो टांसी नयां प्रमाण पत्र लिनु पर्नेछ ।

(९) व्यवसायकर प्रत्येक वर्ष आषाढ मसान्त भित्र बुझाई सक्नु पर्नेछ । अन्यथा तोकिए बमोजिमको जरिवाना लाग्नेछ ।

(१०)व्यवसायकर बुझाउन पटक पटक ताकेता गर्दा पनि नबुझाएमा यस विनियमको दफा(१९) बमोजिम असुलउपर गरिनेछ।

(११)कसैले आफ्नो व्यवसाय बन्द गरेमा वन्द गरेको ३५ दिन भित्र व्यवसाय सञ्चालन भएको वडाको सिफारीशसाथ उप–महानगरपालिकामा निवेदन दिनु पर्नेछ । राजस्व उपशाखाबाट आवश्यक जाँचबुझ गरेपछि लगत कट्टा गर्नुको साथै बन्दको सिफारीश गरिनेछ ।

(१२)व्यवसायको लगत कट्टा गर्दा चालु आर्थिक वर्षसम्मको सम्पूण कर तथा बांकी बक्यौता र जरीवाना समेत चुक्ता गर्नु पर्नेछ । लगत कट्टा गर्दा केही वा धेरै समय अघिदेखि व्यवसाय बन्द भएको र सोही व्यहोराको कुनै पनि सिफारीश गर्नु परेमा पनि सम्पूर्ण रकम चुक्ता गर्नु पर्नेछ ।

(१३) व्यवसाय नामसारी गर्दा लाग्ने करको २५% रकम नामसारी दस्तुर लाग्नेछ ।

(१४) नागरीकता प्रमाण पत्र विना व्यवसाय दर्ता गर्दा ३ आर्थिक वर्ष बराबरको कर धरौटीको रुपमा राख्नु पर्नेछ । लगातार २ आर्थिक वर्षमा कर चुक्ता नगरेमा तेश्रो आर्थिक वर्षको पहिलो चौमासीकमा निजको धरौटी जफत गरी लगत कट्टा गरीनेछ ।

(१५) जुन प्रयोजनको लागि उप–महानगरपालिकाबाट भवन निर्माणको ईजाजत लिईएको हो सोही प्रयोजनको लागि भवनको प्रयोग गर्नु पर्नेछ । एउटा प्रयोजनको लागि उप–महानगरपालिकाबाट स्वीकृती लिएर अन्य प्रयोजनको लागि उपयोग गर्नु पूर्व उप–महानगरपालिकाको स्वीकृती लिनु पर्नेछ । सो को उप–महानगरपालिकाले तोकि दिएको मापदण्ड पुरा गरे पछि मात्र परिवर्तीत उपयोगलाई प्रयोग गर्न पाईनेछ । (उदाहरणको लागि–*आवाशिय प्रयोजनको लागि बनाएको घरमा वोर्डिङ स्कुल पनि खोलिएको पाईएको हुँदा स्कुलको लागि आवश्यक मापदण्ड (जस्तै शौचालय, खेल मैदान आदी) पुरा गर्न* उप–महा*नगरपालिकाले निर्देशन दिन सक्ने र पुरा गरेमा मात्र वोर्डिङ स्कुल सञ्चालन गर्न पइनेछ । आदी)*

१०. **सवारी दर्ता तथा वार्षिक सवारी कर**:– (१) ऐनको दफा १३९ बमोजिम यस विनियमको आय अनुसूचि ४(क) बमोजिमका निजी तथा भाडाका सवारी साधनमा उक्त अनुसूचीमा तोकिए वमोजिमका दरले वार्षिक तथा पटके सवारी कर लाग्नेछ । धरान नगरक्षेत्रभित्र ठेगाना भएका सवारी धनिले अनिवार्य रुपमा सवारी साधन कर बुझाउनु पर्नेछ ।

११. **मनोरञ्जन कर :** ऐनको दफा १४१ बमोजिम उप-महानगरपालिका क्षेत्रमा रहेका स्वीकृत सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल जस्ता मनोरञ्जनका साधनमा आय अनुसूचि ५ मा तोकीए बमोजीमको दररेटमा मनोरञ्जन कर लाग्नेछ ।

१२. **व्यावसायिक भिडियो कर :** ऐनको दफा १४२ बमोजिम उप-महानगरपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले व्यवसायिक प्रयोजनका लागि प्रयोगमा ल्याएको भिडियो, प्रोजेक्टर आदिमा आपसी समझदारीको आधारमा न.पा.कार्यालयले निर्धारण गरे बमोजीमको दरले मनोरञ्जन कर लाग्नेछ

१३. **विज्ञापन कर :** ऐनको दफा १४३ बमोजिम उप-महानगरपालिका क्षेत्रमा रहेका सडक, चोक, सार्वजनिकस्थलमा राखिने विभिन्न प्रकारका प्रचार प्रसारका सामग्रीहरुलाई विज्ञापन कर लगाउने सक्ने व्यवस्था भएता पनि न.पा. ले लिएको दिर्घकालीन लक्ष्य प्राप्तीको लागी नगरलाई शिक्षा, स्वास्थ्य र पर्यटकीय पूर्वाधार युक्त सुन्दर र सफा नगर बनाउने लक्ष्य अनुरुप नगर क्षेत्रमा जथाभावी विज्ञापन प्रचार प्रसारका सामग्रीहरु राख्न नदिई त्यसलाई नियन्त्रण गर्ने उद्देश्यले न.पा.क्षेत्र भित्र जुनसुकै स्थानमा प्रचार प्रसारका सामग्रीहरु राख्नलाई पनि न.पा.को पूर्व स्वीकृति अनिवार्य लिनु पर्नेछ । सो को लागि आवश्यक प्रचार प्रसार तथा विज्ञापन कर बुझाउनु पर्नेछ । विज्ञापन करको दर अनुसुचि ६ मा तोकीए बमोजीम हुनेछ । मदिरा एवं जन्य सामग्रीको प्रचार प्रसार निषेध गरिएको छ ।

१४. **पार्किङ. शुल्क तथा दस्तुर :** ऐनको दफा १४४ वमोजिम उप-महानगरपालिकाले व्यवस्था गरेको सवारी पार्किङ स्थलमा आय अनुसूचि ४(ख) वमोजिमको सवारी साधनमा उक्त अनुसूचीमा तोकिए वमोजिमका दरले सवारी पार्किङ.शुल्क लाग्नेछ ।

१५. **सेवा शुल्क:**

(१) ऐनको दफा १४५ को उपदफा (१), (२) (३), (४), (५), (६) र (७) बमोजीम उप-महानगरपालिकाले सेवा सुविधा उपलब्ध गराए वापत सेवा सुविधा उपयोग गर्ने वा प्राप्त गर्नेलाई एकीकृत सम्पत्ति कर मूल्यांकन समिति र यस न.पा.को राजस्व परामर्श समितिको सिफारीश समेतको आधारमा देहाय बमोजिम सेवा शुल्क लाग्नेछ ।

(क) उप-महानगरपालिकाले सरसफाई तथा फोहरमैला व्यवस्थापन सेवा उपलब्ध गराएको आधारमा अनुसूचि ७ मा तोकिए बमोजिमको दरले भौतीक संरचनाको कूल क्षेत्रफलमा आधारीत भई तोकिए बमोजिमको क्षेत्रमा भौतिक संरचना भएका एकीकृत सम्पत्ति करदातालाई सरसफाइ सेवा शुल्क लाग्नेछ । खालि जग्गा र सेवा नपुगेको स्थानमा सफाई सेवा शुल्क लिईनेछैन । सफाई सेवा पुगेको र सेवा विस्तारीत क्षेत्र अद्यावधिक गरी शुल्क लाग्ने क्षेत्र र दर न.पा.ले निर्णय गरे बमोजिमको हुनेछ । नगरपालिकाले सरसफाई सेवालाई प्रभावकारी बनाई सेवा शुल्कलाई व्यवस्थित गरी आफैं वा निजी क्षेत्रबाट समेत सेवा शुल्क संकलनको व्यवस्था गर्न सक्नेछ ।

(ख) उप-महानगरपालिकाले संचालन गरेका शहरी सेवा केन्द्र र सार्वजनिक शौचालय उपयोग गर्नेहरुलाई आय अनुसूचि ८ बमोजिमको दरले सेवा शुल्क लाग्नेछ ।

(ग) उप-महानगरपालिकाले व्यवस्था गरको पशु हाटमा बिक्रिका लागि ल्याईने पशु चौपायहरु बिक्रिमा आय अनुसूचि ९ मा तोकिए बमोजीमको दरले पशुहाट सेवा शुल्क लाग्ने छ र उक्त शुल्क सम्बन्धीत विक्रेतासंग असुल गरिनेछ ।

(घ) उप-महानगरपालिकाले संचालन गरेका कान्जीहाउस (पशुबन्दी गृह)मा दाखिला भएका पशुहरु छुटाउन सम्बन्धित पशुका हकदारहरुलाई आय अनुसूचि १० मा तोकीए बमोजीम कान्जीहाउस शुल्क लाग्नेछ । काञ्जिहाउसमा दाखिला भएका पशुहरु सात दिन भित्रमा छुटाई नलगेमा उप-महानगरपालिकाबाट लिलाम हुनेछ ।

(ङ) उप-महा नगरपालिकाको स्वामित्वमा रहेका विभिन्न यन्त्रउपकरण तथा साधनहरु आदि सेवा प्राप्त गर्नेलाई आय अनुसूचि ११ मा तोकिए बमोजिमका दरले सेवा शुल्क लाग्नेछ ।

(च) उप-महानगरपालिकाले अचल सम्पत्तिको मूल्याङकन वा हैसियत प्रमाणित वा चार किल्ला प्रमाणित सिफारस गरिदिंदा आय अनुसूचि १२ मा तोकिए बमोजिमको दरले सेवा शुल्क लाग्नेछ ।

(छ) उप-महानगरपालिकाले कुनै व्यक्तिको निवेदनको आधारमा मिलापत्र गराई रकम कलम असुल गराई दिएमा आय अनुसूचि १३ मा तोकिए बमोजिमको दरले बक्सौनी दस्तुर लाग्नेछ ।

(ज) उप-महानगरपालिकाले कसैलाई कुनै व्यहोराको सिफारिस गरिदिंदा आय अनुसूचि १४ मा तोकीए बमोजीमका विषयमा तोकीए बमोजीमको सिफारीस दस्तुर लाग्नेछ ।

(झ) सडक वत्ति मर्मत सेवा शुल्क : अनुसूचि १५ मा तोकीए बमोजीम सडक वत्ति सेवाको स्तर अनुसार दर निर्धारण गरी शुल्क लगाईएको छ । यो शुल्क न.पा.लाई बुझाउनु पर्ने करको प्रतिशतको आधारमा लाग्नेछ । सेवाको स्तर निर्धारण सडक ठेगानाको आधारमा गरिनेछ । सडक वत्ति सेवा नपुगेको स्थानमा शुल्क लाग्नेछैन तर सेवा विस्तार र परिवर्तन भए पछि सोही सेवा बमोजिमको शुल्क लाग्नेछ ।

(ञ) धरौटी रसिदको प्रतिलिपिकोलागि रु १०० सम्मको लागि रु. ५ र सो भन्दाबढीको लागि धरौटी रकमको १०% बराबरको रकम सेवा शुल्क लाग्नेछ ।

(ट) यस उप-महानगरपालिका क्षेत्रमा घर पालुवा कुकुर दर्ता गरेर मात्र पाल्न पाईनेछ । कुकुर दर्ता शुल्क रु. ५०० लाग्नेछ ।

(ठ) घर भएका एकीकृत सम्पत्ति करदाताहरुलाई वारुणयन्त्र सेवा शुल्क रु. २५ लाग्नेछ ।

(ड) विद्युत तथा टेलीफोनको पोल र विद्युत ट्रान्सफरमर र टेलीफोन क्याविनेट नगर क्षेत्रमा राखी सेवा बिक्री गरे वापत मासिक सेवा शुल्क लाग्नेछ ।

(ढ) नगर क्षेत्रमा रहेका अव्यवस्थित बसोबासीहरु मध्ये भुमिसुधार कार्यालयबाट जग्गाको पूर्जा प्राप्त गरेका ठेगानालाई व्यवस्थित गरी अस्थायी घर नम्बरीङ दिईने छ । यसै गरी यस अघि उपमहानगरपालिका कार्यालयको अभिलेखमा आवद्ध भएका अस्थायी बसोवास गर्नेहरुको समेत ठेगाना अद्यावधिक गरी अनुसूची १८ बमोजीमको ठेगाना व्यवस्थान शुल्क लिईनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा सुविधा प्राप्त गर्न उप–महानगरपालिकालाई बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता गरेको हुनुपर्नेछ ।

१६. **अन्य शुल्क तथा दस्तुर:** उप–महानगरपालिका कार्यालयबाट तयार गरीएका निवेदन तथा अनुसूची फारम र निवेदन दर्ता हुने विभिन्न निवेदनहरु दर्ता गर्दा आय अनुसूचि १६ मा तोकिए बमाजिमका दरले शुल्क तथा दस्तुर लाग्नेछ ।

१७. **नक्सा पास सम्बन्धि शुल्क, दस्तुर तथा जरिवाना:**

(क) ऐनको दफा १५५(४) अनुसार उप–महानगरपालिकाबाट भवन निर्माण गर्ने अनुमति प्रदान गर्दा र नक्सा पास गर्दा अनुसूचि १७ बमोजिमका दरले शुल्क, दस्तुर र जरिवाना लाग्नेछ ।

(ख) उप–महानगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क ,महशुल लगायत सम्पूर्ण बांकी बक्यौता चुक्ता गरेपछिमात्र भवन निर्माण गर्ने अनुमति (प्लिन्थ, सुपरस्ट्रक्चर) प्रदान गरिनेछ ।

(ग) उप–महानगरपालिकाको ईजाजत पत्र नलिई भवन निर्माण गर्न पाईनेछैन ।

(घ) कसैले उप–महानगरपालिकाको ईजाजत पत्र नलिई भवन निमार्ण गरेमा रु. १०००००।०० (एक लाख) सम्म जरिवाना गर्न सकिनेछ ।

(ङ) नक्सा डिजाईन शुल्क : उप–महानगरपालिका कार्यालयमा नक्सा पासको लागि पेश हुने नक्सामा अनुसूचि १८ मा तोकिए बमोजीम शुल्क उक्त नक्सा डिजाईन गर्ने प्राविधिकले न.पा.लाई नक्सा डिजाईन शुल्क बुझाउनु पर्नेछ ।

(च) २०६४ भाद्र ५ देखि न.पा.ले राष्ट्रिय भवन संहिता २०६० लागु गरेको हुदां उक्त मिति पश्चात न.पा. को पूर्व स्वीकृती विना घर निर्माण गर्ने प्रवृत्ति वढेको हुदां त्यस्तो प्रवृत्तिलाई घटाउन २०६४ भाद्र ५ पश्चात भवन निर्माण गरी नक्सा पासका लागि नक्सा पेश हुन आएमा प्रति वर्गफुट रु. ३०।– दस्तुर निर्धारण गरिएको छ ।

१८. **सम्पत्ति बहाल** : उप–महानगरपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका व्यापारिक भवनका कोठा तथा स्थानहरुको मासिक तथा वार्षिक वहाल रकम बहुउद्देश्यीय भवन र सब्जिबजार स्टलको दररेट **अनुसूची १९** र सभागृहको दररेट **अनुसूची २०** अन्तर्गत तोकिए बमोजमका दरमा नघटाई हुनेछ ।

१९. **दण्ड, जरिवाना र सेवा सुविधा रोक्का गर्ने र पुरस्कार:**

(१) ऐनको दफा १६५(२) बमोजीम उप–महानगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क, महशुल तथा असूल गर्न बाँकी अन्य कुनै रकम कुनै व्यक्तिले नबुझाएमा उप–महानगरपालिकाले देहाय बमोजिमको कारवाही हुनेछ :–

(क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तुर, शुल्क तथा असूल गर्न बांकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा वा उपभोक्ता समितिलाई बुझाउनु पर्ने रकम समेत नबुझाएमा त्यस्तो व्यक्तिको चल, अचल सम्पत्तिको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाई लेख्न, व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगायतका कारोवार रोक्का गरिनेछ ।

(ख) उप–महानगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोवार वा जेथा रोक्का गर्दा पनि उठ्न नसकेमा उप–महानगरपालिकाले निजको घर, जग्गा वा अन्य कुनै जेथा भए सो लिलाम बिक्रि गरी असूल उपर गरिनेछ ।

(ग) यस ऐन अर्न्तगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा उप–महानगरपालिकाले त्यस्तो धरौटी जफत वा लिलाम बिक्री गरी प्राप्तहुन आएको रकम त्यस्तो व्यक्तिले उप–महानगरपालिकालाई बुझाउन पर्ने रकम भन्दा बढि हुन आएमा बढी भएको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ ।

(२) उप–महानगरपालिकालाई बुझाउन बांकी कर, दस्तुर, शुल्क, महशुल, तथा असुल गर्न बांकी रकम नबुझाएमा उप–महानगरपालिकाले उपलब्ध गराएको सेवा, सुविधा ऐनको दफा १६५(४) बमोजिम त्यस्तो व्यक्तिको हकमा बन्द गर्न सक्नेछ साथै ऐनको दफा १६५(५) बमोजिम दण्ड सजाय र जरिवाना गरिनेछ । तर दमकल, एम्बुलेन्स जस्तो आकस्मिक सेवा प्रदान गर्न यसले बाधा पुऱ्याउनेछैन ।

(३) खण्ड २ बमोजीम सजाय पाई सकेकोमा पुन: सोही कसूर दोहोऱ्याई गर्नेलाई पटकै पिच्छे दोब्बर सजाय गरिनेछ ।

(४) वार्षिक रुपमा उत्कृष्ट करदाता छनौट गरी पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था गरिनेछ ।

२०. **करछुट तथा जरिवाना** :–प्रत्यक्ष कर बुझाउने करदाताहरुलाई प्रोत्साहन दिन र समयमा कर नबुझाउने करदाताहरुलाई निम्न बमोजिम छुट र जरिवाना निर्धारण गरिनेछ ।

**करमा छुट**

(क) एकीकृत सम्पत्ति करको लागि चालु आ.व.को कर पौषमसान्त भित्र बुझाएमा लाग्ने करको १०% छुट दिईएको छ ।

(ख) व्यवसाय कर, सवारी कर, मनोरन्जन करहरुको हकमा प्रथम ३ (आश्विन) महिनाभित्र निर्धारित कर बुझाएमा लाग्ने कर रकममा छुट १०% दिईएकोछ । त्यसै गरी आन्तरीक आय सँकलन सम्बन्धीको कार्य ठेक्कामा दिँदा अग्रिम सम्पूर्ण वार्षिक कबोल अँक दाखिला गरेमा १० प्रतिशत छुट दिईएकोछ ।

(ग) कर छुट सम्बन्धमा ठेक्कामा दिएको कर तथा शुल्क छुट सम्बन्धमा नेपाल बन्द या यातायात बन्दको (मवेशी र विज्ञापन कर बाहेकमा) जानकारी पत्र सम्बन्धित पक्षले ईलाका प्रशासन कार्यालयबाट ल्याई छुट माग गरेमा राजस्व परामर्श समितीले निर्णय गरे बमोजिमको रकम न.पा.बोर्डबाट निर्णय गरि छुट दिन सक्नेछ ।

(घ) व्यवसाय करको हकमा कुनै पनि करदाताले विरामी वा अन्य कुनै काबु बाहिरको कारण (विदेश वा अन्यत्र ठांउ सरी गएको वाहेक) ले कर तथा शुल्क बुझाउन नसकेको भएमा सो को सम्पूर्ण कारण खोलि वडा समितिको सिफारीश र स्थानीय सरजमिन गरी आवश्यक अन्य यथेष्ट प्रमाण पेश गरी कर बुझाउन नसक्ने कारण खोली उप–महानगरपालिका कार्यालयमा पेश गरेमा नगर स्तरीय राजस्व परामर्श समितिको वैठकले उपयुक्त निर्णय गरी जरीवाना मात्र वा केही वर्षको कर छुटको सिफारीश गरेमा उप–महानगरपालिका वोर्डले आवश्यक निर्णय गरि त्यस्तो छुट सुविधा उपलब्ध गराउन सक्नेछ । तर कावु वाहिरको अवस्थामा मात्र जरीवाना वाहेक कर छुट दिन पाईनेछ ।

(ङ) उप–महानगरपालिका कार्यालयलाई बुझाउनु पर्ने सबै कर तथा शुल्क समयमा नै नबुझाएमा निम्नानुसारको जरिवाना लाग्नेछ ।

(च) सामाजिक सुरक्षा कार्यक्रम तथा अपाङ्गता प्रयोजनको लागि दिइने सिफारिसमा दस्तुर नलिने व्यवस्था गरिने छ ।

(छ) बक्यौता कर तथा शुल्कमा बक्यौता बांकी वर्षको आधारमा जति वर्ष पुरानो बक्यौता हुन्छ त्यति नै वर्षको लागि वार्षिक १५% का दरले जरीवाना लाग्नेछ ।

(ज) एकीकृत सम्पत्ति करको हकमा आ.व. २०६१|०६२ सम्मको एकमुष्ठ बक्यौतालाई आ.व.२०६१|०६२ को बक्यौता सरहमानी सोही बमोजिम जरीवाना निर्धारण गरी लागु गरीनेछ ।

(झ) दैवि प्रकोप वा भवितब्य वा आगलागिमा परि घर वा पसल पूर्ण क्षती भएको प्रमाणित भएमा नियमानुसारको एकीकृत सम्पत्ति कर ३ वर्ष र व्यवसाय कर २ वर्ष छुट दिइनेछ ।

(ञ) बक्यौता लगत कट्टा गर्ने व्यवस्था: कुनै पनि कर धेरै पुरानो बक्यौता लगत देहायको अवस्थामा देहाय अनुसारको सिद्धान्त अनुरुप राजस्व परामर्श समितिको सिफारिसमा नगरपालिकाबाट निर्णय भए बमोजिम हुनेछ ।

(१) करदाताको मृत्यु हुनगई सम्पत्ति बेवारीसे भएको अवस्थामा,
(२) करदाता टाट पल्टेको प्रमाणित हुन गएमा,
(३) करदाता कारोबार बन्द गरी वेपत्ता भएको भन्ने प्रमाणित भएमा,
(४) कुनै प्रकोप वा भवितव्य परी करदाताको जनधनको क्षति भई कर तिर्न नसक्ने अवस्था भएको कुरा प्रमाणित भएमा,

**२१. विनियममा वाझिएका र संशोधन गर्ने व्यवस्था:**

(१) यो विनियममा उल्लिखित कुराहरु कुनै प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनलाई नै मान्यता दिईनेछ ।

(२) यो विनियममा आवश्यक संशोधन, पूणता र खारेजीको लागि उप–महानगरपालिकाबाट प्रस्ताव तयार गरी नगर परिषद बैठकबाट पारित गरी संशोधन वा खारेज गर्न सकिनेछ ।

# पटके व्यवसाय (हाटबजार, गुद्री बजार) कर

अनुसूची-१

एकीकृत सम्पत्ति कर स

अनुसूची २

| क.सं. | विवरण | २०७३।०७४ |
|---|---|---|
| १ | भूईंमा सामान फिंजाई विक्रि गर्ने (६० वर्ग फिट सम्म) | ८ |
| २ | भूईंमा सामान फिंजाई विक्रि गर्ने (६० वर्गफिट माथी) | ९ |
| ३ | २ चक्के विस्कुठ ठेला / सामान ढुवानी गर्ने | ७ |
| ४ | ४ चक्के ठेला | १५ |
| ५ | हांस कुखुरा, परेवा विकी गर्ने प्रति खोंगी | ८ |
| ६ | डोकामा फलफुल, सागसब्जि बेच्ने प्रति डोको | ७ |
| ७ | जुत्ता पालिस गर्ने, जुत्ता मर्मत गर्ने | ७ |
| ८ | घडि बनाउने | १५ |
| ९ | टेलर्स प्रतिमेशिन | १५ |
| १० | चटपटे वा पुच्का वा पकाएर खानेकुरा बेच्ने ठेला / भेन / *टेवल* | २० |
| ११ | भुईमा फिंजाएर जुत्ता चप्पल विक्रि गर्ने | १२ |
| १२ | भुईमा फिंजाएर सृंगार वा रेडिमेड वा कपडा विक्रि गर्ने | १२ |
| १३ | माछा, मासु विक्रि गर्ने पसल (न.पा.बाट स्वीकृती प्राप्त भएका) | १५ |
| १४ | साइकलमा सामान विक्रि गर्ने | १५ |
| १५ | टेम्पो, टेक्सी, आदिमा माइक लगाएर वा नलगाई सामान (औषधि, सावुन, लुगा आदि) विक्रि गर्ने पसल | २० |
| **नोट:** | | |
| क. डालोमा हरियो सागसब्जी बिकी गर्नेलाई उक्त कर छुट गरिएको छ। | | |
| ख. न.पा.ले छुट्टै लगाउदै आएको बहाल विटौरी र ठेक्का लगाएको बजारमा र सो बजारलाई लाई प्रभावित गर्ने गरी कर उठाउन पाईनेछैन। | | |

## अनुसूचि ३

| आ.व. २०७३।०७४ को व्यवसायको करको दररेट | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लेख्ने कोड | विवरण | कर क्षेत्र र श्रेणी | | | | | | | | |
| **३४०३०१** | **होटल, लज,** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०१०१ | होटल निर्वाणा र क वर्गका होटलहरु | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० |
| ३४०३०१०१ | पार्टि प्यालेस | ५५०० | ५५०० | ५५०० | ५५०० | ४५०० | ४००० | ५५०० | ४५०० | ४००० |
| ३४०३०१०१ | अन्य होटल, लज, गेष्ट हाउस | ३४०० | २८०० | १७०० | ३३०० | २८०० | १७०० | ३३०० | २२०० | १७०० |
| ३४०३०१०२ | फास्टफुड रेष्टुरेण्ट, कफि हाउस ( मदिरा वाहेक) | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० |
| ३४०३०१०३ | रेष्टुरेण्ट | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० |
| ३४०३०१०३ | क्याविन रेष्टेरेन्ट | ३००० | २५०० | २००० | ३००० | २५०० | २००० | ३००० | २५०० | २००० |
| ३४०३०१०४ | दोहोरी, डान्स सेन्टर, मसाज पार्लर | ४००० | ३५०० | ३५०० | ४००० | ३५०० | ३५०० | ४००० | ३५०० | ३५०० |
| ३४०३०१०५ | मिठाई तथा खाना, नास्ता पसल | १७०० | १४०० | ११०० | १७०० | १४०० | ११०० | १७०० | १४०० | ११०० |
| ३४०३०१०६ | चिया नास्ता पसल, म:म, थुक्पा, | ११०० | ९०० | ७०० | ११०० | ९०० | ७०० | ११०० | ९०० | ७०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छाउ पसल | | | | | | | | | |
| ३४०३०१०७ | लज मात्र | २००० | १८०० | १७०० | २००० | १८०० | १७०० | २००० | १८०० | १७०० |
| ३४०३०११९ | जुस सेन्टर | १८०० | १८०० | १५०० | १८०० | १८०० | १५०० | १८०० | १८०० | १५०० |
| ३४०३०१०९ | वियर मदिरा खुद्रा पसल | २८०० | २२०० | १७०० | २८०० | २२०० | १७०० | २८०० | २२०० | १७०० |
| ३४०३०११० | कोल्ड ड्रिन्क्स पसल | १५०० | १२५० | १००० | १५०० | १२५० | १००० | १५०० | १२५० | १००० |
| ३४०३०१११ | मदिरा (रक्सिमात्र) डिलर | ७९०० | ७९०० | ७९०० | ७९०० | ७९०० | ७९०० | ७९०० | ३४०० | ७९०० |
| ३४०३०११२ | वियर डिलर | ७९०० | ७९०० | ७९०० | ७९०० | ७९०० | ७९०० | ७९०० | २४०० | ७९०० |
| ३४०३०११३ | कोक, फेन्टा डिलर | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० |
| ३४०३०११४ | मदिरा र वियर संयुक्त डिलर | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| ३४०३०११७ | सूर्तिजन्य बस्तु डिलर वा सप्लायर वा थोक व्यापार | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ३४०० | ५४०० |
| ३४०३०११८ | सूर्तिजन्य वस्तुको खुद्रा व्यापार | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| **३४०३०२** | **खाद्यान्न तथा किराना पसल** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०२०१ | खाद्यान्न तथा किरानाको डिलर, थोक वा थोक तथा खुद्रा | २८०० | २८०० | २७०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० |
| ३४०३०२०३ | खाद्यान्न तथा कि. को खुद्रा पसल | १७०० | ११०० | ८५० | १७०० | ११०० | ८५० | १७०० | ११०० | ८५० |
| ३४०३०२०७ | गुम्तीमा खुद्रा पसल | ५५० | ५०० | ४५० | ४५० | ४२५ | ४२० | ४२५ | ४२० | ४१० |
| ३४०३०२०८ | दुध, दही तथा घिउ आदि विक्री गर्ने | १७०० | ११०० | ११०० | १७०० | ११०० | ११०० | १७०० | ११०० | ११०० |
| **३४०३०३** | **कपडा तथा रेडीमेड कपडा** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०३०१ | कपडा वा रेडीमेड कपडाको थोक वा थोक तथा खुद्रा संयुक्त | ४४०० | ३९०० | ३२०० | ४४०० | ३९०० | ३३०० | ४४०० | ३४०० | ३३०० |
| ३४०३०३०४ | कपडाको खुद्रा पसल | २८०० | १४०० | ११०० | २८०० | १४०० | ११०० | २८०० | १४०० | ११०० |
| ३४०३०३०५ | रेडीमेड कपडाको खुद्रा पसल | २२०० | १४०० | ११०० | २२०० | १४०० | ११०० | २२०० | १४०० | ११०० |
| ३४०३०३०६ | स्वदेशी हाते कपडा पसल | ६५० | ६५० | ६५० | ५५० | ५५० | ५५० | ५०० | ५०० | ५०० |
| ३४०३०३०७ | ढाका टोपी पसल | *१५००* | *१०००* | *६५०* | *१५००* | *१०००* | *६५०* | *१५००* | *१०००* | *६५०* |
| *३/४÷०७* | *कपडामा बुट्टा भर्ने वा भरी विकीगर्ने* | *३०००* | *२५००* | *२२००* | *३०००* | *२५००* | *२२००* | *३०००* | *२५००* | *२२००* |
| *३/४÷०७* | *उनि धागो डिलर* | *३०००* | *२५००* | *२२००* | *३०००* | *२५००* | *२२००* | *३०००* | *२५००* | *२२००* |
| *३/४÷०७* | *सुति धागो डिलर* | *२०००* | *१५००* | *११००* | *२०००* | *१५००* | *११००* | *२०००* | *१५००* | *११००* |
| *३/४÷०७* | *धागो, टाँक पसल* | *२०००* | *१५००* | *१०००* | *२०००* | *१५००* | *१०००* | *२०००* | *१५००* | *१०००* |
| ३४०३०३१५ | रेडिमेड व्याग पसल | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| **३४०३०४** | **फेन्शीसप , सृंगार पसल** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| *३/४÷०७* | *फेन्सीशप* | *१७५०* | *१५००* | *१०००* | *१७५०* | *१५००* | *१०००* | *१७००* | *१४००* | *९००* |
| *३/४÷०७* | *सृंगार तथा सजावटका सामाग्रीको पसल* | *१७५०* | *१५००* | *१०००* | *१७५०* | *१५००* | *१०००* | *१७००* | *१४००* | *९००* |
| *३/४÷०७* | *खेलौना वा गिफ्ट हाउस* | *१७५०* | *१५००* | *१०००* | *१७५०* | *१५००* | *१०००* | *१७००* | *१४००* | *९००* |
| ३४०३०४०५ | सृंगार सामान तथा चुडीपोते होल सेलर | ३४०० | ३४०० | ३४०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| **३४०३०५** | **जुत्ता चप्पल पसल** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०५०१ | जुत्ता चप्पलको डिलर | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०५०२ | जुत्ता चप्पलको खुदा पसल | १७०० | ११०० | ९०० | १७०० | ११०० | ९०० | १७०० | ११०० | ९०० |
| ३४०३०५०३ | छाला जुत्ता बनाउने पसल | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०५०५ | छाला जुत्ता मर्मत पसल | ७५० | ७०० | ६५० | ५५० | ५०० | ४७५ | ४५० | ४२५ | ४१० |
| ३४०३०५०६ | जुत्ताको सोल, अन्य सामाग्री विक्री गर्ने | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३०६ | **हार्डवेयर** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०६०१ | हार्डवेयर पसल | ४९०० | ४९०० | ४९०० | ४४०० | ४४०० | ४४०० | ४४०० | ३९०० | ४४०० |
| ३४०३०६०२ | हार्डवेयर पसल (छड, कर्कटपाता नभएको ।) | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३४०० | ३९०० |
| ३४०३०६ | मोटर पार्टस् पसल | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०६२५ | ग्रिल तथा सटरको सामान विक्रेता | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४०३०६२६ | आलमुनियम तथा स्टेनलेस स्टिलका ग्रिल, रेलिङ आदिको थोक विक्रेता | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | २४०० | ५४०० |
| ३४०३०६२७ | आलमुनियम तथा स्टेनलेस स्टिलका ग्रिल, रेलिङ आदिको खुद्रा विक्रेता | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | २४०० | ३९०० |
| ३४०३०६०३ | स्टिल रेलिङ तथा भर्याङ तथा ग्रिल उद्योग | २२०० | २२०० | २२०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३०६२८ | विद्युत सामाग्री पसल (ईलेक्ट्रीक्सस् खुद्रा) | २२०० | १९०० | १७०० | २२०० | १९०० | १७०० | २२०० | १९०० | १७०० |
| ३४०३०६०७ | हार्डवेयर, मोटर पार्टस, विद्युत सामाग्रीको सप्लायर | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | १४०० | ५४०० |
| ३४०३०६०८ | कवाडी सामानको विक्रेता | ३३०० | २२०० | १७०० | ३३०० | २२०० | १७०० | ३३०० | २२०० | १७०० |
| ३४०३०६१० | फ्रेमिङ हाउस, शिसा, पोष्टर पसल | १४०० | ११०० | ९०० | १४०० | ११०० | ९०० | १४०० | ११०० | ९०० |
| ३४०३०६१२ | पेट्रोल पम्प (पेट्रोल, डिजल) | ४९०० | ४९०० | ४९०० | ४९०० | ४९०० | ४९०० | ४९०० | ५४०० | ४९०० |
| ३४०३०६१३ | पेट्रोल पम्प (पेट्रोल वा डिजल कुनै एक) | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०६१४ | मट्टितेल पम्प वा डिपो वा डिलर | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०६१५ | साईकल विक्री पसल | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०६१६ | ल्युव (मोवील) विक्री पसल | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०६१७ | फर्निसिङका सामान तथा फोम, रेस्किन आदी | ३४०० | २८०० | २२०० | ३३०० | २८०० | २२०० | ३३०० | २८०० | २२०० |
| ३४०३०६१८ | मोटर साईकल विक्री पसल (शो रुम) | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | १४०० | ५४०० |
| ३४०३०६२३ | मोटर साईकल विक्री पसल ( रिकण्डिशन) | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०६१९ | टेम्पु, पावरट्रेलर वा मोटरसाईकलको सामान विक्री पसल | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०६२० | कारजीप, टेक्टर, पावर ट्रेलर विक्री पसल | १०४०० | १०४०० | १०४०० | १०४०० | १०४०० | १०४०० | १०४०० | २४०० | १०४०० |
| ३४०३०६२१ | सेनेटरी सामाग्री | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०६२२ | सिमेन्टको डिलर | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०६२९ | साईकल, मोटर साईकल, सानो सवारी भाडामा दिने सेवा प्रदायक | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | १९०० | ३९०० |
| ३४०३०६३० | रंगरोगन विक्रि वितरण गर्ने | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | २४०० | ३९०० |
| ३४०३०६३१ | सोलार जडान र सोलार सम्बन्धी सामानको सप्लायर्स | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ९०० | ५४०० |
| ३४०३०६३२ | सोलर जडान र सोलार सम्बन्धी सामानको विक्रेता | ३४०० | ३४०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०६३३ | माउण्टेन वा यस्तै प्रकृतिको साईकल विक्रि गर्ने | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| **३४०३०७** | **टि भि. फ्रिज, तथा इलेक्ट्रोनिक्स** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०७०१ | ईलेक्ट्रोनिक्स समान (टि.भी, फ्रिज, कम्प्युटर आदि) विक्री थोक, डिलर वा सप्लायर्स | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | १४०० | ३९०० |
| ३४०३०७०३ | ईलेक्ट्रोनिक्स समान (टि.भी, फ्रिज, कम्प्युटर, मोवाइल आदि) खुद्रा विक्रि | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० |
| ३४०३०७०२ | घडी, रेडीयो विक्रि पसल | १४०० | ११०० | ९०० | १४०० | ११०० | ९०० | १४०० | ११०० | ९०० |
| ३४०३०७०५ | सईटरवन्ने, शिलाई,टाईप,लिथो मेशिन मर्मत | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०७०८ | घरायसी सामानको विक्रि पसल | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३०७०९ | सिलाई मेशीन बिक्री तथा मर्मत गर्ने | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४०३०७१० | घडि रेडीयो, मोवाईल मर्मत पसल | ११०० | ९०० | ७०० | ११०० | ९०० | ७०० | ११०० | ९०० | ७०० |
| ३४०३०७११ | अन्य ईलेक्ट्रिकल सामान मर्मत | ८५० | ८५० | ८५० | ८०० | ८०० | ८०० | ५५० | ५५० | ५५० |
| ३४०३०७१२ | अन्य ईलेक्ट्रोनिक्स समान मर्मत | ११०० | ११०० | ११०० | १००० | १००० | १००० | ८५० | ८५० | ८५० |
| **३४०३०८** | **उद्योग ,मिल, फ्याक्ट्री** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०८०१ | कपडा उद्योग | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०८०२ | घरेलु कपडा उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८०३ | व्याग, टोपी, स्वीटर उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८०४ | तयारी पोशाक उद्योग (गार्मेन्ट) | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८०५ | ब्रश उद्योग | १७०० | १७०० | ११०० | १७०० | १७०० | ११०० | १७०० | १७०० | ११०० |
| ३४०३०८०६ | नुडल्स उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८०७ | मिट मसला उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८०८ | सोडा, आईसक्रिम, वरफ, डेरी आदि उद्योग | १७०० | ११०० | ११०० | १७०० | ११०० | ११०० | १७०० | ११०० | ११०० |
| ३४०३०८०९ | पशुआहार उत्पादन | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८१० | सिमेन्टको ह्युम पाईप | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३४०० | ३९०० |
| ३४०३०८११ | सिमेन्टको हलो, रेलीङ, रिङ,व्लक, पोल आदि | ३४०० | ३४०० | २२०० | ३३०० | ३३०० | २२०० | ३३०० | ३३०० | २२०० |
| ३४०३०८१२ | ढुंगा, गिटी, रोडा उत्पादन | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | २९०० | ५४०० |
| ३४०३०८१३ | जुत्ता चप्पल उद्योग | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३०८१४ | कव्जा कांटी आदि फलामका सामग्री उत्पादन गर्ने | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८१५ | श्रृगार सामान उत्पादन गर्ने | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८१६ | विडी खैनी सूर्ति उत्पादन, प्याकेजिङ | ३९०० | ३४०० | ३२०० | ३९०० | ३३०० | ३३०० | ३९०० | ३३०० | ३३०० |
| ३४०३०८१७ | कागज, सावुन चक्लेट उद्योग | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८१८ | चियापत्ती प्याकेजीङ उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८१९ | विस्कुट उद्योग | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८२० | पाउरोटी उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८२१ | पोलीथीन पाईप उद्योग | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | १९०० | ५४०० |
| ३४०३०८२२ | पोलीथीन व्याग उद्योग | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८२४ | एल्डी उद्योग | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८२५ | पिं पिं उद्योग | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८२६ | सेलर मिल | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८२७ | कुटानी पिसानी पेलानी मिल २० अश्वशक्ति | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३०८२८ | कुटानी पिसानी पेलानी मिल १५ अश्वशक्ति | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८२९ | कुटानीपिसानीपेलानी मिल १४अश्वशक्ति सम्म | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० |
| ३४०३०८३० | चिउरा मिल | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० | ८५० |
| ३४०३०८३१ | ग्रिल तथा सटर उद्योग | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८४७ | स्टिल रेलिङ तथा भर्याङ तथा ग्रिल उद्योग | २८०० | २८०० | २७०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० |
| ३४०३०८३२ | लेटर प्रेस | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| ३४०३०८३४ | मिनी अपसेट प्रेस | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३०८३३ | अपसेट प्रेस | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३०८३५ | स्क्रिन प्रिन्ट | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० |
| ३४०३०८४८ | डेस्कटप कार्यहरु प्रिन्ट, पब्लिस आदी | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८४१ | स्टेशनरी उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८४२ | स्न्याक्स उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८४३ | पेपर ट्युव उत्पादन | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४०३०८४४ | खुकुरी उद्योग | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०८४५ | मदिरा उत्पादन | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | १९०० | ५४०० |
| ३४०३०८४६ | मोटर पार्टस् उत्पादन गर्ने | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| **३४०३०९** | **तामा,पित्तल,फलामका सामान हरु** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३०९०१ | तामापित्तलका पाता रोलीङ गर्ने मिल | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | ७७५ | ३९०० |
| ३४०३०९०२ | तामापित्तलआल्मुनियमको भांडा वनावउने | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३०९०३ | फलामका घरेलु सामान विक्रि तथा बनाउने | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० | ११०० |
| ३४०३०९०४ | तामा पित्तल आल्मुनियमको भांडा थोक,डिलर,सप्लायर्स | २८०० | २८०० | २७०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० |
| ३४०३०९०५ | तामा पित्तल आल्मुनियम, प्लाष्टिकको भांडा विक्री पसल | १७०० | १४०० | ११०० | १७०० | १४०० | ११०० | १७०० | १४०० | ११०० |
| ३४०३०९०६ | तामापित्तल आल्मुनियमको भांडा वनाउने कालिगढ | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० |
| ३४०३०९०८ | टिनको वक्सा,लालटिन,स्टोभ वनाउने तथा वि. | ७०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ७०० |
| ३४०३०९०९ | तालाचावि, छाता, लालटिन, स्टोभ मर्मत पसल | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० |
| **३४०३१०** | **स्टेशनरी सामान** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३१००१ | स्टेशनरी सामान तथा पुस्तक विक्री पसल | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० |
| ३४०३१००२ | पत्रपत्रिका पसल | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० | ५५० |
| ३४०३१००३ | स्पोर्टस (खेलकुद) सामाग्री विक्री पसल | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० |
| **३४०३११** | **औषधि उत्पादन तथा विक्रि वितरण** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३११०१ | औषधि उत्पादन उद्योग (एलोपेथी) | १०४०० | १०४०० | १०४०० | १०४०० | १०४०० | १०४०० | १०४०० | २९०० | १०४०० |
| ३४०३११०२ | औषधि उत्पादन उद्योग ( होमोपेथी,आर्युवेदीक) | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३११०३ | केमीकल वर्कस, औषधि प्याकेजिङ | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| ३४०३११०४ | नर्सिङ होम | ३४०० | २८०० | २७०० | ३३०० | २८०० | २८०० | ३३०० | २८०० | २८०० |
| ३४०३११०५ | आल्ट्रासाउण्ड, ईण्डोस्कोपी सहित क्लिनिक, पोलि क्लिनिक, ल्याब | ३४०० | २८०० | २२०० | ३३०० | २८०० | २२०० | ३३०० | २८०० | २२०० |
| ३४०३११०६ | क्लिनिक वा क्लिनीक समेतको औषधि पसल वा प्राकृतिक चिकित्सा सेवा | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३१११७ | औषधि थोक तथा डिस्ट्रिव्यूटर वा स्टकिष्ट वा संयुक्त | ५४०० | ३४०० | २२०० | ५४०० | ३३०० | २२०० | ५४०० | ३३०० | २२०० |
| ३४०३११०७ | औषधि खुद्रा पसल | १७०० | १४५० | ११०० | १७०० | १४५० | ११०० | १७०० | १४५० | ११०० |
| *३/४४०७* | *आर्युवेदीक तथा होमीयोपेथी औषधि पसल* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* |
| *३/४४०७* | *पशु औषधि पसल मात्र* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* | *१०००* |
| *३/४४०७* | *पशु औषधि र दाना, अण्डा वा अन्य सामान मिश्रीत पसल मात्र* | *२५००* | *२०००* | *१७५०* | *२५००* | *२०००* | *१७५०* | *२५००* | *२०००* | *१७५०* |
| ३४०३१११० | दिशापिशााव,रगत आदि चेक गर्ने | २००० | १५०० | ११०० | २००० | १५०० | ११०० | २००० | १५०० | ११०० |
| ३४०३११११ | डेण्टल हाउस | २२०० | १७०० | १७०० | २२०० | १७०० | १७०० | २२०० | १७०० | १७०० |
| ३४०३१११२ | आंखा क्लिनीक सहितको चश्मा पसल | २५०० | २००० | १७०० | २५०० | २००० | १७०० | २५०० | २००० | १७०० |
| ३४०३१११३ | चश्मा पसल | १७५० | १५०० | ११०० | १७५० | १५०० | ११०० | १७५० | १५०० | ११०० |
| ३४०३१७१४ | डेन्टल हस्पीटल | २८०० | २८०० | २७०० | २८०० | २८०० | २८०० | २८०० | २८०० | २८०० |
| ३४०३१७१६ | अस्पतालजन्य उपकरण वा | ३४०० | ३४०० | ३२०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामाग्रीहरु विक्रि पसल | | | | | | | | | |
| **३४०३१३** | **सुनचांदी तथा गहना** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३१३०१ | सुनचांदी विक्री पसल (क) | २२०० | १७०० | १७०० | २२०० | १७०० | १७०० | २२०० | १७०० | १७०० |
| ३४०३१३०२ | सुनचांदी विक्री पसल (ख) | १७०० | १५०० | १५०० | १७०० | १५०० | १५०० | १७०० | १५०० | १५०० |
| ३४०३१३०३ | साधारण सुनचांदी विक्री पसल (ग) | ११०० | ९०० | ९०० | ११०० | ९०० | ९०० | ११०० | ९०० | ९०० |
| ३४०३१३०४ | सुनचांदीका गहना वनाउने | ८५० | ५५० | ५५० | ८५० | ५५० | ५५० | ८५० | ५५० | ५५० |
| ३४०३१३०६ | नक्कली गहनाको विक्री पसल | १७०० | ११०० | ११०० | १७०० | ११०० | ११०० | १७०० | ११०० | ११०० |
| **३४०३१४** | **टेलर्स** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३१४०१ | टेलरीङ व्यवसाय | २२०० | १७०० | ११०० | १७०० | ११०० | ८५० | ११०० | ८५० | ५५० |
| **३४०३१५** | **सिनेमा, स्टुडियो, फोटोकपी आदि** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३१५०१ | म्युजिक भिडियो तथा फिल्म उत्पादन | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० | २२०० | १७०० | ११०० |
| ३४०३१५०२ | डेक तथा भि. क्यासेट विक्री तथा भाडामा (सि. डि., भिसिडी ) | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० |
| ३४०३१५०३ | अडियो क्यासेट विक्री पसल | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० |
| ३४०३१५०४ | कलर ल्याव | २५०० | २००० | १७०० | २५०० | २००० | १७०० | २५०० | २००० | १७०० |
| ३४०३१५०५ | डिजीटल कलर ल्याब , फलेक्स प्रिन्ट | ३००० | २५०० | २२०० | २८०० | २२०० | २२०० | २८०० | २२०० | २२०० |
| ३४०३१५०६ | फोटोकपी सेन्टर, फोटो स्टुडियो | १५०० | १००० | ५५० | १५०० | १००० | ५५० | १५०० | १००० | ५५० |
| ३४०३१५०८ | ए टु साईज फोटोकपी, स्टुडीयो, एमोनियां | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| **३४०३१६** | **फलफुल,माछामासु, सागसव्जि आदि** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३१६०१ | फलफुल पसल | १००० | ७५० | ५०० | १००० | ७५० | ५०० | १००० | ७५० | ५०० |
| ३४०३१६०२ | सागसव्जि,आलुप्याज पसल | १००० | ७५० | ५०० | १००० | ७५० | ५०० | १००० | ४२५ | ४१० |
| ३४०३१६०३ | फलफुल डिलर | २००० | १५०० | १२५० | २००० | १५०० | १२५० | २००० | १५०० | १२५० |
| ३४०३१६०४ | सागसव्जि,गेडागडी आदिको डिलर | २००० | १५०० | १२५० | २००० | १५०० | १२५० | २००० | १५०० | १२५० |
| ३४०३१६०५ | मासु पसल (खसी, कुखुरा, वंगुर, रांगा आदि | १५०० | १००० | ७५० | १५०० | १००० | ७५० | १५०० | १००० | ७५० |
| ३४०३१६०६ | माछा पसल | १५०० | १००० | ७५० | १५०० | १००० | ७५० | १५०० | १००० | ७५० |
| ३४०३१६०७ | सिद्रा पसल | १५०० | १००० | ७५० | १५०० | १००० | ७५० | १५०० | १००० | ७५० |
| **३४०३१७** | **अन्य विभिन्न कम्पनी तथा डिलर** | **क१** | **क२** | **क३** | **ख१** | **ख२** | **ख३** | **ग१** | **ग२** | **ग३** |
| ३४०३१७०१ | साल्टट्रेडीङ, नेश्नल ट्रे. आदिको प्रति डिलर | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० | १७०० |
| ३४०३१७०२ | ग्यांस डिलर | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| ३४०३१७०३ | ईन्सुरेन्स (विमा) कंपनी प्र.का.वा सम्पर्क शाखा | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ५४०० | ६०० | ५४०० |
